आज मिति २०८१ साल चैत्र महिनाको २९ गते शुक्रबारका दिन यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलका विषयमा छलफल गर्नको लागि कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति:

| क.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कट्टुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | [signature] |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | [signature] |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | राजमणि निरौला | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| २६ | परेक बहादुर वुढा | लेखा अधिकृत | [signature] |
| २७ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | [signature] |
| २८ | लोक बहादुर राई | कम्प्युटर अपरेटर | [signature] |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

<u>मिति २०८१ चैत्र २९ गतेको कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु:</u>

<u>प्रस्तावहरु:</u>

१. भू- वर्गीकरण सम्बन्धमा ।
२. वडा नं. ८, ९ र १४ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण सम्बन्धमा।
३. नगर पाश्वचित्र निर्माण सम्बन्धमा।
४. सार्वजनिक सुनुवाई सम्वन्धमा।
५. ग्रामीण वातावरण विकास केन्द्रसँग गरिएको सम्झौता नविकरण गर्ने सम्बन्धमा।
६. बेलसोत सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।
७. बजेट व्यवस्थापन तथा बाँडफाँड सम्बन्धमा।
८. देहायका नियमावली तथा मापदण्ड संशोधन गर्ने सम्बन्धमा।
   क. कटारी नगरपालिकाको शिक्षा नियमावली, २०७५
   ख. संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थान मापदण्ड, २०८१
९. माध्यमिक विद्यालयमा शिक्षक कर्मचारी ई-हाजिरी कार्यान्वयन सम्बन्धमा ।
१०. शिक्षा सम्मेलन घोषणा पत्र र प्रतिबद्धता पत्र स्वीकृत र कार्यान्वयन सम्बन्धमा ।
११. विद्युत वितरण केन्द्र माग गर्ने सम्वन्धमा ।
१२. ईलाका प्रशासन कार्यालय कटारीमा ई-राहादानी वितरण सेवा पुन सुचारु गर्ने सम्बन्धमा ।
१३. नापी र मालपोत कार्यालयको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
१४. विविध।

<u>निर्णयहरु:</u>

१. कटारी नगरपालिका, उदयपुर अन्तर्गत रहेको सम्पूर्ण वडाहरुमा जग्गा वर्गीकरण गर्ने कार्यको प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिमा निर्णय गरियो।
२. कटारी नगरपालिका वडा नं. ८, ९ र १४ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।
३. कटारी नगरपालिकाको नगर पाश्वचित्र निर्माण प्रकृया अगाडी बढाउने सर्वसम्मतिमा निर्णय गरियो।
४. कटारी नगरपालिकाको अर्ध वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. १ मा २०८२ बैशाख महिना भित्र गर्ने सर्वसम्मतिमा निर्णय गरियो।
५. ग्रामीण वातावरण विकास केन्द्र (REDC), उदयपुर र यस कटारी नगरपालिका, उदयपुर बिच मिति २०७८ चैत्र १३ गते ३ वर्षको लागि झोलुङ्गे पुल निर्माणमा सामाजिक तथा प्राविधिक सहयोग गर्न सम्झौता भएकोमा सम्झौताको म्याद सकिएको तथा सम्झौता बमोजिमका कार्यहरु सम्पन्न हुन नसकेकोले मिति २०८१ चैत्र १४ देखि मिति २०८४ चैत्र १४ सम्म सम्झौता नविकरण गर्ने सर्वसम्मतिमा निर्णय गरियो।
६. कटारी नगरपालिकामा रहेको बेलसोत संर्पदश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न "बेलसोत सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

७. नेपाल सरकार राजश्व बाडफाड, खानी तथा वन रोयल्टीबाट प्राप्त रकम रु.२,०३,४१,५३१।- आगामी नगरसभाबाट अनुमोदन हुने गरी देहायको कार्यक्रम/योजनाहरुमा बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मतिमा गरियो।

| क्र.सं. | कार्यक्रम तथा योजना | रकम |
|---|---|---|
| १ | विपत ब्यवस्थापन वडा न १४ | १०००००० |
| २ | विपत व्यवस्थापन वडा नम्बर २ | १०००००० |
| ३ | १२ नम्बर वडा कार्यालय भवन निर्माण | ३०००००० |
| ४ | वडा न १० को वडा कार्यलय वाल सरक्षण | ६५०००० |
| ५ | बेतनी नेप्टे भन्झाङ बाटो मर्मत | ३००००० |
| ६ | वडाको साझेदारी आयुवेर्द कार्यालय मर्मत सम्भार | २३६५३१ |
| ७ | सेफ हाउसको नया भवन ब्यवस्थापन | १००००० |
| ८ | इन्धन कार्यालय प्रयोजन | ८००००० |
| ९ | विविध खर्च | ८००००० |
| १० | मसलन्द सामाग्री | ५००००० |
| ११ | नयाँ बर्ष २०८२ को पुर्वासन्धा मनाउने कार्यक्रम | २००००० |
| १२ | जनता सग मेयर कार्यक्रम | १०००००० |
| १३ | निशुल्क शिविर सञ्चालन | २००००० |
| १४ | लेखानी मा वि हिरक जयन्ति मनाउने कार्यक्रम | १०००००० |
| १५ | जनता सग उपमेयर कार्यक्रम | ७००००० |
| १६ | सवारी साधन मर्मत | ७००००० |
| १७ | भुमि बर्गिकरण | ३००००० |
| १८ | आर्थिक सहायता | ५००००० |
| १९ | वडा नम्बर ५ सरक्षण | ४००००० |
| २० | सिमानपुर सिचाई कुलो निर्माण | ७००००० |
| २१ | सवारी साधन भाडा | १००००० |
| २२ | भुमि बर्गिकरण का लागी आवश्यक सामान खरिद | ९००००० |
| २३ | वडा कार्यालय खार्ने कार्यक्रम वडा न १३ | १००००० |
| २४ | इन्टरनेट सचालन | ७०००० |
| २५ | सि क्यामेर जडान वडा न ५ | ९५००० |
| २६ | विपत व्यवस्थापनको डाटा ईन्ट्रि कार्यक्रम | १००००० |

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

| | | |
|---|---|---|
| २७ | मालपोत कार्यालयलाई फर्निचर सहयोग | ९०००० |
| २८ | अतिथि सत्कार | ३००००० |
| २९ | पानी तथा बिजुली | २००००० |
| ३० | बर्थिंग सेन्टर वडा नं. १४ | ५००००० |
| ३१ | पाईप खरिद | २००००० |
| ३२ | खसिवास इनार निर्माण वडा न १ | २००००० |
| ३३ | मोटर घर निर्माण वडा न १ | १००००० |
| ३४ | शिव मन्दिर निर्माण वडा न १ | १००००० |
| ३५ | दोस्रो लाईन सडक स्तरोन्नती वडा न ३ | २८५००० |
| ३६ | डम्पीङ्ग साइटमा गेट निर्माण वडा न ३ | ४५००० |
| ३७ | विविध वडा न ३ | ७०००० |
| ३८ | नाला व्यवस्थापन तथा सडक मर्मत , वडा नं. ४ | ४००००० |
| ३९ | दिपेन्द्र मा वि डि पि आर वडा नं. ६ | २००००० |
| ४० | पशुपति सा व भवन जाने शाखा सडक निर्माण वडा नं. ६ | २००००० |
| ४१ | विहिबारे तपि सडक, वडा नं. ७ | ४००००० |
| ४२ | राम्चे थुम्का अर्ना मोटरबाटो जोडने सडक विस्तार वडा नं. ८ | ४००००० |
| ४३ | नया रोड सिरुवानी मोटर बाटो निर्माण वडा नं. ११ | ४००००० |
| ४४ | टवाङ सिरुवारी सिमलेबोट कृषि सडक वडा नं. १२ | ४००००० |
| ४५ | रिठ्ठाबोटे, खानी खोला, चिउरीबोट कुलो मर्मत , वडा नं. १३ | ४००००० |
| | **कुल जम्मा बजेट** | **२०३४१५३१** |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७९

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ

८. क) कटारी नगरपालिकाको शिक्षा नियमावली, २०७५ को पहिलो संशोधन माथि दफावार छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

ख) संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८१ मा "कटारी नगरपालिकाका जनप्रतिनिधि, निजामती कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक तथा विद्यालयमा कार्यरत रहेका कर्मचारीहरुका छोरा छोरीहरुले उक्त छात्रवृत्तिमा समावेश हुन नपाउने" भन्ने बुदा थप गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

९. कटारी नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयमा शिक्षक कर्मचारी ई-हाजिरी प्रणाली अनिवार्य कार्यान्वयन गरी सोही हाजिरी प्रणालीको प्रतिवेदनको आधारमा तलव निकासा गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

१०. कटारी नगरपालिकाको आयोजनामा मिति २०८१/१२/१८ र १९ गते संचालन भएको शिक्षा सम्मेलनबाट तयार गरिएको घोषणा पत्र र प्रतिबद्धता पत्र स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

११. कटारी नगरपालिका, कटारीमा विद्युत वितरण केन्द्र स्थापना तथा सञ्चालन गर्न सम्वन्धित निकायमा माग गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

१२. ईलाका प्रशासन कार्यालय कटारीमा ई-राहादानी वितरण सेवा पुनः सुचारु गर्न जिल्ला प्रशासन कार्यालय, उदयपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

१३. जिल्ला उदयपुर कटारी नगरपालिका अन्तर्गत रहेको नापी र मालपोत कार्यालय भवन संरचना निर्माण कार्यको लागि जिल्ला उदयपुर कटारी नगरपालिका वडा नं.४ अन्तर्गत पर्ने नक्सा नं. ८ को कि.नं.२५१० क्षेत्रफल ०-०-६-० जग्गा उपलब्ध गराउने सर्वसम्मतिमा निर्णय गरियो।

१४. विविध ।

क. कटारी नगरपालिकामा प्राविधिक शिक्षालय तथा सिप परीक्षण केन्द्र स्थापना र संचालन सम्बन्धमा संभाव्यता अध्ययन गर्न परामर्श सेवा मार्फत कार्य गर्ने र प्राप्त प्रतिवेदन नगर कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

ख. शिक्षक दरबन्दी मिलान सम्बन्धी यस कार्यदलको मिति २०८१/१२/११ को प्रतिवेदन र सामाजिक विकास समितिको मिति २०८१।१२।१३ गतेको निर्णय अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

ग. विभिन्न मितिमा दर्ता भएका आर्थिक सहयोगको निवेदनहरु मध्ये तपसिलका बमोजिमका व्यक्ति/संस्थाहरुलाई अन्य सामाजिक सहायता शीर्षकबाट भूक्तानी हुने गरी आर्थिक सहायक उपलब्ध गराउने सर्वसम्मतिमा निर्णय गरियो।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

तपसिल

| सि.नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) |
|---|---|---|---|---|
| १ | भिम बहादुर घले मगर | ८ | ग्यास विस्फोट भई मृत्यु भएको साथै अति विपन्न परिवार | २०००० |
| २ | मान बहादुर खड्का | ३ | क्यान्सर बिरामी | २०००० |
| ३ | मन माया मगर | ४ | मेरुदण्ड भाचिएको | २०००० |
| ४ | केशव भुजेल | ५ | क्षय रोग तथा स्वास प्रश्वास सम्बन्धी रोग साथै अति विपन्न नागरिक | २०००० |
| ५ | माझी समुदायको परम्परा कोशी पुजा | १ | कोशी पुजा खर्च | २०००० |
| ६ | लक्ष बहादुर राई | ४ | घर आगोलागि भई पूर्ण नष्ट र निजको छोरा आगोलागिमा परी घाईते | ३५००० |
| ७ | वोम बहादुर पौडेल | २ | पत्थरी अपरेशन | २०००० |
| ८ | रनु राई | ७ | आर्थिक स्थिति कमजोर | २०००० |
| ९ | केसु माया तामाङ्ग | ८ | क्यान्सर | २०००० |
| १० | लाख बहादुर राई | ८ | आर्थिक अवस्था कमजोर तथा लिभर समस्या | २०००० |
| ११ | मिथिला तामाङ्ग | ८ | पेटको समस्या | २०००० |
| १२ | तिलक बहादुर नेपाली | १२ | घर आगलागी | २०००० |
| १३ | प्रदिप तामाङ्ग | ७ | ग्यास विस्फोट भई मृत्यु | २०००० |
| १४ | भीम बहादुर कटुवाल | १२ | सडक दुर्घटनामा परी मृत्यु | २०००० |
| १५ | कल्पना दर्जी | ३ | मृगौला रोगी | २०००० |
| १६ | विर बहादुर तामाङ्ग | ५ | रुखबाट लडेर बिरामी | २०००० |
| १७ | कृष्ण अधिकारी दनुवार | ५ | लडेर खुट्टा भाँचिएको | २०००० |
| १८ | नेपाल किसान महासंघ उदयपुर | | जिल्ला सम्मेलन | २०००० |
| १९ | उर्मिला परियार | ४ | क्यान्सर विरामी | २०००० |
| २० | गोरे तामाङ्ग | ४ | बुवा क्यान्सर पिडित | २०००० |
| २१ | जनसांगितिक सांस्कृतिक ,कार्यक्रम,कटारी | | सांस्कृतिक ,कार्यक्रम | ४०००० |
| २२ | अर्जुन खड्का | ३ | उपचार्थ | २०००० |
| २३ | प्राकृतिक श्रोत व्यवस्थापन | ५ | वन्यजन्तु सप्ताह अभियान | २०००० |
| २४ | तल्लो कटारी खानेपानी उपभोक्ता समिति | ५ | खानेपानी सम्बन्धमा | २०००० |

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

घ. कटारी नगरपालिका वडा नं.८ को मिति २०८१।१२।११ गतेको प्राप्त पत्रानुसार पट्नाभन्ज्याङ्ग स्थित मिति २०६३ साल देखि स्वास्थ्य चौकीको नाममा दर्ता रहेको सिरिसे ७/ग कि.४० क्षेत्रफल ०-८-०-० र सिरिसे ७/ग कि.नं.५० क्षेत्रफल ३-८-०-० जग्गामा बनेको स्वास्थ्य चौकीको भवन पुरानो भई जिर्ण भएकोले नयाँ भवन बनाउनुपर्ने भएको र हाल सो जग्गा व्यक्तिले अतिक्रमण गरी विवाद गरेको हुँदा स्वास्थ्य चौकीको जग्गामा व्यक्तिले बनाएको गोठ/टहरा हटाई सेवा प्रवाहलाई सहज बनाउन यस कार्यालयबाट अमिन पठाई जग्गाको यथार्थ विवरण लिई आवश्यक कानूनी प्रकिया अगाडि बढाउने सर्वसम्मतिमा निर्णय गरियो।

ङ. श्री दिपेन्द्र मा.वि., जोगीडाँडाको सामुदायिक विद्यालय भवन निर्माणका लागि मित्र राष्ट्र भारत सरकारको वित्तीय सहयोगमा संचालित HICDP अन्तर्गत कार्यान्वयन हुने परियोजनामा यस नगरपालिकाबाट १० प्रतिशत लागत साझेदारी गर्ने र भारतीय राजदुतावासलाई (अंग्रेजी माध्ययमबाट) सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

च. कटारी नगरपालिकामा कार्यरत पब्लिक हेल्थ नर्स समूह, सहायकस्तर पाँचौ तह, सि.अ.न.मी. पदमा कार्यरत कर्मचारी श्री समिक्षा तामाङ्ग(क.सं.न.२२३१२६) लाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.५३४ मिति २०८१।०९।२६ गतेको प्राप्त पत्रानुसार शैक्षिक वर्ष २०८१।०८२ को स्नातक तह अध्ययनका लागि म्याचिङ भई National Academy of Medical Science मा संचालन हुने BNS/BMS शैक्षिक कार्यक्रममा अध्ययन गर्न नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२(क) बमोजिम मनोनयन हुनुभएको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन)ऐन, २०८० को दफा १२० र १२४ बमोजिम मिति २०८१।०९।२८ देखि २०८४।०९।२९ गतेसम्म ३ वर्षको लागि अध्ययन विदा स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो।

छ. शैक्षिक सत्र २०८२ देखि श्री मंगल परोपकार आ.वि.क.न.पा-३ मा कक्षा २ संचालन गर्न थप अनुमति दिने सर्वसम्मतिले निर्णय गरियो।

ज. कटारी नगरपालिका वडा नं०४ अन्तर्गत रहेको नगरस्तरीय अस्पताल कोशी प्रदेश स्वास्थ्य मन्त्रालय मातहतका प्रादेशिक अस्पतालमा स्तरोन्नती भईसकेको हुँदा सो प्रादेशिक अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने तपसिल बमोजिमको जग्गा उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

तपसिलः

| सि.नं. | स्थान | सिट नं. | कित्ता नं | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | वडानं.४,कटारी नगरपालिका, उदयपुर | ८/५ | ५६५ मध्येबाट | १-९-१५-० |

झ. एमरेष्ट सांस्कृतिक कला समाज, कटारी ३ उदयपुरको मिति २०८१।१२।०४ गतेको प्राप्त पत्रानुसार नयाँ वर्षको पूर्वसन्ध्यामा कटारी भूगोल पार्कमा मिति २०८१।१२।३१ गते संचालन हुने सांस्कृतिक कार्यक्रमको स्वीकृति गर्ने र शान्ति सुरक्षाको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने सर्वसम्मतिले निर्णय गरियो।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

ञ. यस नगरपालिका आ.व. ०८०।८१ को ठेक्का नं. KMUN/W/NCB/09/080/81 को Katari Bazar 2nd and 3rd Line Black Topped Road Maintenance कार्यको मौसम प्रतिकुलका कारण तत्काल कार्य सकिने अवस्था नदेखिको र म्याद थप गरिपाउँ भनि निवेदन दिएको हुँदा कार्य सम्पन्न गर्न म्याद समाप्त भएको मिति वाट २०८२ जेष्ठ १५ सम्म म्याद थप गर्ने निर्णय गरियो । र Performance र विमाको म्याद थप जेष्ठ मसान्त वाट १३ महिना सम्मको अवधि) लिई आउन श्री अम्विका निर्माण सेवा त्रियुगा न.पा. २,उदयपुर गाईघाट, लाई पत्राचार गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

ट. यस नगरपालिका आ.व. ०८०।८१ को बार्षिक स्वीकृत कार्यक्र अन्तरगत **Construction of Black Topped Road in Katari Municipality (South of Triveni H.S School)** Contract Identification No.: **KMUN/W/NCB/05/080/81** कार्यको सिमा विवाद का कारण तत्काल कार्य सकिने अवस्था नदेखिको र म्याद थप गरिपाउँ भनि निवेदन दिएको हुँदा कार्य सम्पन्न गर्न म्याद समाप्त भएको मिति वाट २०८२ बैशाख मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो साथै Performance र विमाको म्याद थप जेष्ठ मसान्त वाट १३ महिना सम्मको अवधि) लिई आउन श्री राउत/अम्विका न.पा. ११,उदयपुर गाईघाट, लाई पत्राचार गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

ठ. नगरपालिकाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. Construction of 12no Ward Office Building Katari Municipality WADA NO.12 contract no:- 7/Uda/Katarimun/078-079 को निर्माण कार्य गर्ने निर्माण व्यवसायी श्री उदयपुर लामा कन्सट्रक्सन प्रा.ली कटारी नगरपालिका ५ ले गरेको कार्यमा १२ नं.वडा कार्यालय भवन को साईटको अवस्था अनुसार कार्य थपघट गर्नु पर्ने अवस्था आएका कारण भेरिएसन अडर गर्नु पर्ने भएकाले तत्काल कार्य सकिने अवस्था नदेखिको र म्याद थप तथा भेरिएसन गरिपाउँ भनि निवेदन दिएको हुँदा कार्य सम्पन्न गर्न म्याद समाप्त भएको मिति वाट २०८२ वैशाख मसान्त सम्म म्याद थप गर्ने साथै साईटको अवस्था अनुसार थपघट भएको कार्यको भेरिएसन अडर स्वीकृत गर्ने र वार्षिक कार्यक्रमा वजेट छुट भएको हुँदा आवश्यक बजेट व्यवस्थापन गरी प्राविधिक मूल्याङ्कन र अनुगमन मूल्याङ्कनको आधारमा भूक्तानी प्रकृया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो ।

ड. कटारी नगरपालिका वडा नं. २, खोक्सामा मोबाईल क्रसर प्लान्ट संचालनका लागि निर्माण व्यवसायी श्री B.I.C.S/W.C.JW Manebhanjyang Okhaldhunga ले निवेदन पेश गरेको र यस कार्यालयबाट प्रकाशित ठेक्का नं Construction of Rigid & Flexible Pavement. Structural and Drainage works at ch. 12+020 to 12+440, 14+300 to 15+000 & 16+800 to 16+960 along Mirchaiya Katari Ghurmi Road, Udayapur, Contract No: MKGRP-33701172-2081-82-01) को सडक निर्माण कार्य यस B.IC.S/W.C.JV को नाममा स्वीकृति भई निर्माण कार्य अघि बढि रहेकोमा यस क्षेत्रको भौगोलिक अवस्था पहाडी क्षेत्र भएको र सडकको धेरै पहुँच १२ महिना चल्ने नभएको र अन्य क्षेत्रबाट निर्माण सामाग्री गिट्टी, बालुवा, ढुवानी गरी ल्याउदा लागत अनुमान हुने तथा समयमा कच्चा पदार्थ उपलब्ध नभएकोले निर्माण व्यवसायीहरुले समयमा काम गर्न नसक्ने तथा गिट्टि, बालुवा ढुवानी गर्न गाह्रो हुने भएकोले कटारी नपालिकाको क्षेत्रभित्र पर्ने कटारी न.पा.२, खोक्सामा ढुङ्गा र ग्राभेल प्रशस्त मात्रमा उपलब्ध हुने भएको हुँदा सानो मोबाईल क्रसर राखी स्थानीय स्तरको ढुङ्गा, गिट्टि बालुवा प्रशोधन गरी प्रयोग गर्दा आन्तरिक कर समेत उठ्ने र समयमा कच्चा पदार्थ उपलब्ध हुने र भौतिक निर्माणको कार्यलाई सहज हुने देखिएको हुँदा निर्माण कार्य लागि आवश्यक पर्ने निर्माण

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

समाग्री(ढुंगा,गिट्टी, ग्राभेल, बालुवा र चिप्स) आदिको लागि क्रसर प्लान्ट श्री कटारी न.पा.२, खोक्सामा सञ्चालनका लागि स्वीकृत गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

ढ. मिति २०८१।१२।१२ र मिति २०८१।१२।२८ गते बसेको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

ण. कटारी नगरपालिका वडा नं.११ मा नगरस्तरीय अस्पताल निर्माणको लागि सम्बन्धित निकायमा पहल गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

त. कटारी नगरपालिकाको आ.व.२०८१।०८२ मा वडा न. ९ को लागि तपसिल बमोजिमको खर्च शीर्षकमा विनियोजित बजेटलाई देहायको शीर्षकमा रकमान्तर गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

<u>तपशिल</u>

| क्र.सं. | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम रु. |
|---|---|---|---|---|
| १ | घाट व्यवस्थापन | २०००००।- | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | २०००००।- |

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख